त्रिभुवन विश्वविद्यालय
उपकुलपतिको कार्यालय
**योजना निर्देशनालय**
कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं. ३९१ फा.नं. ०७४/७५

मितिः ..................
२०७४।७।२२

श्री क्याम्पस प्रमुख
जयबागेश्वरी बहुमुखी क्याम्पस
धादिंग ।

**विषयः स्नातक तहमा चार वर्षे बी.एड. कार्यक्रममा विषय थप गरी कक्षा संचालन गर्न स्वीकृति बारे ।**

त्यस क्याम्पसले शिक्षाशास्त्र संकाय अन्तर्गत स्नातक तहको कार्यक्रममा चार वर्षे बी.एड. तहको कक्षा संचालन गर्नका लागि दिएको निवेदनमा कारवाही हुँदा शिक्षाशास्त्र संकाय अन्तर्गत उक्त क्याम्पसमा विद्यापरिषदको सिफारिसमा निम्न शर्तहरू पालना गर्ने गरी स्नातक चार वर्षे बी.एड. तहमा विज्ञान शिक्षा इलेक्टिभ विषय अध्यापन गर्ने गरी चालु शैक्षिक वर्ष २०७४/०७५ देखि कक्षा संचालन गर्न स्वीकृति दिने त्रि.वि. प्राज्ञिक परिषद्को मिति २०७४।५।२० को निर्णय आवश्यक कार्यार्थ अनुरोध गर्दछु ।

**शर्तहरूः**

१. क्याम्पसमा अध्ययनरत कूल विद्यार्थी संख्याको एक महिनाको शिक्षण शुल्क बरावरको रकम प्रत्येक वर्ष सेवा शुल्कको रूपमा त्रि.वि.लाई बुझाउनु पर्नेछ ।
२. क्याम्पस र त्रि.वि.को संयुक्त नाममा रू. ६ लाख ५० हजारको अक्षयकोष खोलेको हुनु पर्नेछ र सो रकम त्रि.वि.को स्वीकृतिविना संचालन गर्न पाइने छैन ।
३. त्रि.वि.को शैक्षिक क्यालेण्डर अनुसार कार्यक्रम संचालन गर्नु पर्नेछ ।
४. त्रि.वि.ले निर्णय गरेको शुल्कहरू नियमानुसार नियमित रूपमा बुझाउनु पर्नेछ ।
५ प्रत्येक वर्ष नियमित रूपमा भर्ना भएका विद्यार्थीहरूको संख्या, विषय समेत खुल्ने गरी शिक्षकहरूको विवरण र परीक्षा उत्तीर्ण गरेको विद्यार्थीको विवरण त्रि.वि. योजना महाशाखामा पठाउनु पर्नेछ ।
६. प्रत्येक वर्ष नियमित रूपमा क्याम्पसको वार्षिक प्रगति विवरण तथा आर्थिक विवरण त्रि.वि.योजना महाशाखा तथा त्रि.वि. अनुगमन समितिको कार्यालयमा पठाउनु पर्नेछ ।
७. क्याम्पसको संचालन तोकिएको स्थानमा नै गर्नुपर्ने छ र यसको कुनै शाखा खोल्न पाइने छैन ।
८. क्याम्पसको संचालन नियमावली अनिवार्य रूपले कक्षा संचालन गरेको एक महिनाभित्र त्रि.वि. योजना महाशाखा तथा अनुगमन समितिको कार्यालयमा पेश गर्नु पर्नेछ ।
९. त्रि.वि. को नियम विनियम पालना गर्नु पर्नेछ ।
१०. त्रि.वि.का प्राध्यापकहरुले (शिक्षक) क्याम्पसमा पठनपाठन गर्ने भएमा त्रि.वि.को पूर्व स्वीकृति लिएको हुनु पर्नेछ ।
११. स्वीकृति प्रदान गरिएका थप विशिष्टीकरण विषय अध्यापन गर्न गराउनका लागि सम्बन्धित विषयमा न्यूनतम द्धितीय श्रेणीमा उत्तीर्ण एम.एड. शिक्षक हुनुपर्ने छ वा नियुक्त गर्नुपर्ने छ । तर जनसंख्या शिक्षा विशिष्टीकरण विषय अध्यापन गर्न गराउनको लागि जनसंख्या विषयमा न्यूनतम द्धितीय श्रेणी एम.ए. बी.एड. उत्तीर्ण गरेको हुनुपर्ने छ ।
१२. स्वीकृति प्रदान गरिएका थप विशिष्टीकरण विषयको आवश्यक पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरु खरीद गर्नु पर्नेछ ।
१३. थप विशिष्टीकरण विषय संचालन गर्ने स्वीकृति प्राप्त गर्नका लागि शिक्षाशास्त्र संकायलाई प्रति विषय रु २०,०००।– बुझाउनु पर्ने छ ।
१४. चार वर्षे बी.एड. तहमा अध्यापन हुने विषयहरुमा तोकिएका प्रयोगात्मक परीक्षाहरु तथा अभ्यास शिक्षणका लागि खटाइने मूल्यांकनकर्ता तथा विशेषज्ञहरु र बाहय परीक्षकहरुलाई त्रि.वि. नियमानुसार उपलब्ध गराउनु पर्ने दैनिक तथा भ्रमण भत्ता त्यसै क्याम्पसले नै व्यहोर्नु पर्नेछ ।
१५. अध्यापन गर्ने स्वीकृति प्रदान गरिएका विशिष्टीकरण विषय स्वीकृति प्राप्त भएकै वर्षदेखि अध्यापन गर्नुपर्ने छ । अन्यथा स्वतः रद्द हुनेछ । रद्दपश्चात् पुनः अध्यापन गर्न चाहेमा शुरुदेखीको प्रक्रिया पुरा गर्नु पर्नेछ ।

*नोट : तोकिएका शर्तहरू पालना नगरिएमा क्याम्पसलाई प्रदान गरिएको अस्थायी सम्वन्धनको स्वीकृति स्थगन अथवा रद्द गरेमा हामी मन्जूर छौं ।*

(प्रा.डॉ.ऋदिश कुमार पोखरेल)
कार्यकारी निर्देशक

**उपरोक्त शर्तहरू पालना गर्नेछौं**

संचालक समितिको अध्यक्षः– मित राज कडेल

क्याम्पस प्रमुखः– रामजी प्रसाद खिलवाल

विनोद कडेल
०७४/०७/२२

बोधार्थ तथा कार्यार्थः–
- श्रीमान् डीनज्यू, शिक्षाशास्त्र संकाय त्रि.वि., कीर्तिपुर ।
- श्री परीक्षा नियन्त्रण कार्यालय, त्रि.वि. बल्खु ।
- श्री अनुगमन निर्देशनालय, त्रि.वि.,कीर्तिपुर ।
- श्री आर्थिक प्रशासन महाशाखा, त्रि.वि., कीर्तिपुर ।
- श्री सूचना तथा जनसम्पर्क महाशाखा, त्रि.वि., कीर्तिपुर ।
- श्री लेखा परीक्षण महाशाखा, त्रि.वि., कीर्तिपुर ।

फोनः ४३३०४३७, ४३३०४२१, फ्याक्स ९७७-१-४३३१९६४, E-mail: planning@tribhuvan-university.edu.np, P.O.Box No.: 8212